Regd. No.: 1229/066/67

0558339

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
"A" Class Institution Licensed By Nepal Rastra Bank

मिति : २०७९/०७/३०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंह दरवार, प्लाजा, काठमाण्डौं

**विषय :लाभांश घोषणा गरिएको वारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७९ कार्तिक २९ गते साँझ ५ बजेदेखि ६ बजेसम्म बसेको सञ्चालक समितिको ३७३ औ बैठकको निर्णय अनुसार बैंकको हाल कायम भएको चुक्ता पुंजी रु.१६,१२,०४,६१,४५३.३६ (अक्षेरुपी सोह्र अर्ब बाह्र करोड चार लाख एकसठ्ठी हजार चार सय त्रिपन्न रुपैंया छत्तीस पैसा मात्र) को ४ प्रतिशतले हुन आउने रकम रु. ६४,४८,१८,४५८।१३ (अक्षेरुपी चौसठ्ठी करोड अड्चालिस लाख अठार हजार चार सय अन्ठाउन्न रुपैया तेह्र पैसा मात्र) बोनस शेयर लाभांश र ३.८३ प्रतिशतले हुन आउने रकम रु.६१,७४,१३,६७३.६६ (अक्षेरुपी एकसठ्ठी करोड चौहत्तर लाख तेह्र हजार छ सय त्रिहत्तर रुपैया छैसठ्ठी पैसा मात्र) नगद लाभांश समेत गरी कुल ७.८३ प्रतिशत लाभांश वितरणको लागि बैंकको बाह्रौं वार्षिक साधारण सभामा स्वीकृतिको निमित्त प्रस्ताव पेश गर्न नेपाल राष्ट्र बैंकको अनुमतिका लागि पेश गर्ने गरी वित्तीय विवरणहरु स्वीकृत गरेको व्यहोरा तहाको जानकारीको लागि अनुरोध छ ।

भवदीय,

..............................
तुलसीराम पोखरेल
बरिष्ठ नायव महाप्रवन्धक/कम्पनी सचिव

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
कम्पनी सचिव

बोधार्थ

१.श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

२.श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौं ।

३.कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपूरेश्वर, काठमाण्डौं ।

४.श्री नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तिय संस्था नियमन विभाग
बालुवाटार, काठमाण्डौं ।

५.श्री नेपाल राष्ट्र बैंक
बैंक सुपरिवेक्षण विभाग,
दरबार मार्ग, काठमाण्डौं ।

**मिति २०७९/०७/२९ मा वसेको मेगा बैंक नेपाल लिमिटेडको सञ्चालक समितिको ३७३ औ बैठकको निर्णयको प्रमाणीत सार**

**प्रस्ताव:**

**१. बैंकको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको एकिकृत वार्षिक वित्तीय विवरणहरु स्वीकृत गर्ने तथा लाभांश प्रस्ताव गर्ने सम्बन्धमा ।**

**निर्णयहरु**

१. बैंकको मिति २०७९ आषाढ ३२ गतेको एकिकृत वित्तीय अवस्थाको विवरण (वासलात), मिति २०७८ श्रावण १ गते देखि मिति २०७९ आषाढ ३२ गतेसम्मको एकिकृत नाफा नोक्सानको विवरण, एकिकृत अन्य विस्तृत आम्दानीको विवरण, एकिकृत नगद प्रवाह विवरण, एकिकृत इक्विटीमा भएको परिवर्तनको विवरण, प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु, वित्तीय विवरणको अनुसूचिहरु र उद्घोषण तथा अतिरिक्त विवरणहरु सहितको लेखापरीक्षण गरीएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक वित्तीय विवरण नेपाल राष्ट्र बैंकको प्रारम्भिक स्वीकृति पश्चात् बैठकमा स्वीकृतिको लागि पेश भएको सन्दर्भमा विस्तृत छलफल पश्चात् यस समितिबाट स्वीकृत गर्ने निर्णय गरीयो । उक्त वित्तीय विवरणहरु बैंकको बाह्रौं वार्षिक साधारण सभामा सार्वजनिक गर्न अनुमतिका निमित्त नेपाल राष्ट्र बैंकमा पेश गर्ने समेत निर्णय भयो ।
साथै बैंकको मिति २०७९ आषाढ ३२ गतेको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु.१६,१२,०४,६१,४५३.३६ (अक्षेरुपी सोह्र अर्ब बाह्र करोड चार लाख एकसट्ठी हजार चार सय त्रिपन्न रुपैया छत्तीस पैसा मात्र) को ४ प्रतिशतले हुन आउने रकम रु.६४,४८,१८,४५८।१३ (अक्षेरुपी चौसट्ठी करोड अड्चालिस लाख अठार हजार चार सय अन्ठाउन्न रुपैया तेह्र पैसा मात्र) बोनस शेयर लाभांश र ३.८३ प्रतिशतले हुन आउने रकम रु.६१,७४,१३,६७३.६६ (अक्षेरुपी एकसट्ठी करोड चौहत्तर लाख तेह्र हजार छ सय त्रिहत्तर रुपैया छैसट्ठी पैसा मात्र) नगद लाभांश समेत गरी कुल ७.८३ प्रतिशत लाभांश वितरणको लागि बैंकको बाह्रौं वार्षिक साधारण सभामा स्वीकृतिको निमित्त प्रस्ताव पेश गर्न नेपाल राष्ट्र बैंकको अनुमतिका लागि पेश गर्ने समेत निर्णय गरीयो ।

निर्णयको सार प्रमाणीत गर्ने

....................

तुलसीराम पोखरेल
बरिष्ठ नायव महाप्रवन्धक/कम्पनी सचिव
मिति २०७९/०७/२९

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव